# टिप्पणी र समाचार

श्री ५ को सरकार पुरातत्त्व विभागका तर्फबाट यस बीचमा प्रकाशन, अनुसन्धान, प्रदर्शन, जीर्णोद्धार तथा संग्रहालय सुधार आदिका सम्बधमा विभिन्नकार्यक्रम–हरूको आयोजना गरियो । श्री ५ को सरकार पुरातत्व विभाग, जापानको युमुरी सिम्बुन पत्रिका तथा रीशो विश्वविद्यालयको संयुक्त आयोजनामा टोकियोको प्रसिद्ध "ओड्याक्यू डिमार्टमेन्टल स्टोर" को भवनमा नेपाली कला प्रदर्शनीको आयोजना गरियो ।

यस प्रदर्शनीमा नेपालको गौरवमय प्राचीन कला-कृतिको प्रभावशाली व्यक्तित्व प्रस्तुत गर्नका निम्ति धातु, प्रस्तर, काष्ठकला, चित्रकला आदिका प्रतिनिधि वस्तुहरूको छनौट गरियो । यस अवसरमा तिलौराकोटको पुरातात्विक उत्खननमा प्राप्त अवशेष पनि प्रदर्शित गरिएका थिए । प्रदर्शनीलाई प्रतिदिन करीब तीन हजार मानिसले हेरे । यो प्रदर्शनी जापानको अन्य शहरहरूमा पनि आयोजित गरिनेछ । यस अवसरमा युमुरी सिम्बुनको निमंत्रणामा नेपालको प्रतिनिधित्व पुरातत्त्व निर्देशकद्वारा गरियो ।

उपत्यकाको प्राचीन मूर्तिहरूको योजनाबद्ध तरीकाले अध्ययन तथा सर्वेक्षण गर्ने कामको शुभारंभ गरिएको छ। एउटा निर्धारित विवरण तालिकामा क्रमबद्ध तरीकाले अप्राप्य तथा प्राचीन मूर्तिहरूको सूची तैयार गर्ने काम विभागीय विशेषज्ञद्वारा भइरहेको छ। मूर्तिकलाको क्षेत्रमा नयां नयां खोज गर्न र नेपाली कलाको मौलिकता पत्ता लगाउन यो अभियान उपयोगी सिद्ध हुनेछ ।

पुरातत्व निर्देशकको अध्यक्षतामा गठित गुठी जीर्णोद्धार तथा निर्माण समितिबाट विभिन्न स्मारकहरूको जीर्णोद्धार तथा पुनरुद्धारको काम योजनाबद्ध तरीकाले भइरहेको छ । तिलौराकोटमा भइरहेको पुरातात्विक उत्खननलाई जेष्ठ महीनाको पहिलो सातादेखि केही महीनाका निम्ति स्थगित राखिएको छ । अब आउने महीनाहरूमा यस पटक अपेक्षाकृत लामो अवधिसम्म भएको उत्खननकार्य-मा प्राप्त अवशेषहरूको तुलनात्मक अध्ययन तथा अनुसन्धान, ड्रइंग, फोटोग्राफी तथा अन्य वैज्ञानिक विवरण तैयार गर्ने काम गरिनेछ ।

*रमेशजङ्ग थापा*